मिति २०७६ साल चैत्र २६ गतेका दिन लिखु गाउँ कार्यपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**प्रस्तावित विषयहरु:-**

१. गत बैठकको समिक्षा सम्बन्धमा।
२. कोरोना भाईरस (COVID-19) माहामारीको जानकारी सम्बन्धमा।
३. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्वन्धि मापदण्ड, २०७६ सम्बन्धमा।
४. राहत पाउने श्रमिकको लगत संकलन सम्बन्धमा।
५. राहत आपूर्ति व्यवस्थापन सम्बन्धमा।
६. विविध सम्वन्धमा।

**निर्णयहरु:-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको अवश्थामा अझ यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि व्यापक छलफल गर्दा विश्व माहामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (COVID-19) को प्रकोपलाई रोकथाम तथा नियन्त्रणका लागि यस कार्यालयबाट भए गरेका कामको विषयमा जानकारी गराईयो साथै COVID-19 को विषयमा व्यापक रुपमा जनचेतना फैलाउनका लागि विशेषज्ञले सुझाएका सुझावहरुलाई ध्यानमा राखि आफु सचेत रही आम जनसमुदायमा जनचेतना फैलाउने सर्वस्म्मतबाट निर्णय गरीयो।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा यस बैठकमा पेश भएको कोरोना भाईरस (COVID-19) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्वन्धि तपसिल बमोजिमको मापदण्ड उपर देहाय बमोजिमका स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | विवरण | पारित विधि | | | कैफियत |
|---|---|---|---|---|---|
| | | वहुमत | सर्वसम्मत | संशोधन | |
| १ | असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्वन्धि मापदण्ड, २०७६ | | सर्वसम्मत | | |

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्वन्धि मापदण्ड, २०७६ मा व्यवस्था भए अनुसार राहत पाउने श्रमिकहरुको अभिलेख वडा कार्यालयबाट यथाशिघ्र तयार गरी गाउँपालिकामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा राहत आपूर्तिको लागि वडा कार्यालयबाट पेश भएको राहत पाउने श्रमिकहरुको अभिलेख बमोजिम असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्वन्धि मापदण्ड, २०७६ मा व्यवस्था भए अनुसार गर्ने र आपूर्तिको व्यवस्थाको लागि यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने सर्वसम्मतबाट निर्णय गरियो।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।